आज मिति २०७८।०९।१४ गते बुधबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेनज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७८/७९ को आठौ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**<u>उपस्थिति :</u>**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ………………………………………........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ………………………………………........................................

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ………………………………………......................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ………………………………………....................................

५. वडा अध्यक्ष : श्री मदन गौतम ......……………………………………..................................

६. कार्यवाहक वडा अध्यक्ष : श्री मेनुका देवी बजगाईं ……………………………........................................

७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ …………………………………………………............................

८. वडा अध्यक्ष : श्री कृष्ण ब. यवा …………………………………………………………...............................

९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ……………………………………………………..........................

१०. का पा सदस्य श्री कामुदा गुरुङ ………………………………………..........................................

११. का पा सदस्य श्री माया कन्दङवा ………………………………………...........................................

१२. का पा सदस्य श्री विष्णुकला उभरकोटी ……………………………………….....................................

१३. का पा सदस्य श्री टिकाराम धमला ……………………………………………………………......................

१४. का पा सदस्य श्री दुर्गामाया परियार ……………………………………………………………....................

१५. सदस्य सचिव श्री बिक्रम लिम्बु ……………………………………………………………......................

प्रस्तावहरु:-

१. परिपत्र तथा निर्देशनहरुको जानकारी सम्बन्धमा।

२. मध्यम र सामान्य अपाङगता भएका व्यक्तिहरुको जिविकोपार्जनका लागि आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७८।

३. एक शैक्षिक संस्था एक उधम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ पारित गर्ने सम्बन्धमा।

४. आगामी हिउँदे अधिवेशनमा पेश हुने संशोधित योजना तथा कार्यक्रमहरुका सम्बन्धमा।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

| क्र स | पत्र पठाउने निकाय | पत्रको संक्षिप्त व्यहोरा | पत्राचार मिति |
|---|---|---|---|
| १ | सं. मा. तथा सा. प्र. म. आर्थिक प्रशासन शाखा | स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ नमूना पठाईएको। | २०७८/०८/१७ |
| २ | राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुर नेपाल | प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी गराइदिने सम्बन्धमा। | २०७८/०९/०१ |
| ३ | सं. मा. तथा सा. प्र. म. स्रोत परिचालन समन्वय शाखा | स्थानीय बजार अनुगमन समिति र निरीक्षण अधिकृत सम्बन्धमा। | २०७८/०९/०८ |
| ४ | सं. मा. तथा सा. प्र. म. स्थानीय तह समन्वय शाखा | बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव माग सम्बन्धमा। | २०७८/०९/०८ |
| ५ | सं. मा. तथा सा. प्र. म. सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा | निर्णय कार्यान्वयन सम्बन्धमा। | २०७८/०९/०७ |
| ६ | सं. मा. तथा सा. प्र. म. स्थानीय तह समन्वय शाखा | निर्णय कार्यान्वयन सम्बन्धमा। | २०७८/०९/०६ |
| ७ | प्रदेश प्रशिक्षण केन्द्र चन्द्रगढी झापा | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङकन | २०७८/०९/०८ |
| ८ | जिल्ला समन्वय समितिको कार्यालय | निर्णय कार्यान्वयन सम्बन्धमा। | २०७८/०९/०१ |
| ९ | सं. मा. तथा सा. प्र. म. स्थानीय तह समन्वय शाखा | कोभिड १९ विरुद्धको खोप अभियान सम्बन्धमा | २०७८/०९/०२ |
| १० | सं. मा. तथा सा. प्र. म. योजना तथा अनुगमन शाखा | उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | २०७८/०९/०२ |
| ११ | सं. मा. तथा सा. प्र. म. स्थानीय तह समन्वय शाखा | खोरेत बिरुद्धको खोप सम्बन्धमा। | २०७८/०९/०५ |
| १२ | सं. मा. तथा सा. प्र. म. स्थानीय तह समन्वय शाखा | समन्वय र सहजीकरण गर्ने सम्बन्धमा। | २०७८/०९/०५ |
| १३ | नेपाल सरकार राष्ट्रिय भूमि आयोग | लगत प्रविष्टि प्रणालीको Username तथा Password का लागि विवरण पठाउने बारे। | २०७८/०९/०९ |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिकाको आ व २०७८/७९ को स्विकृत बजेट, नीति तथा कार्यक्रमको बुँदा नं. ३४ मा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको "मध्यम र सामान्य अपाङगता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ्य उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७८" लाई स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्तावना**

अपाङ्गता भएका व्यक्तिहरुलाई नेपाल सरकारको सामाजिक सुरक्षा भत्ताको पहुँचमा नपुगेका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ ले अपाङ्गताको गाम्भीर्यता अनुसार बर्गिकरणमा परेका मध्यम वर्ग र सामान्य वर्गका अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक बिकाश गरी दैनिक आधारभूत आवश्यकतालाई सम्बोधन गरी जिविकोपार्जन तथा स्वास्थ्योपचारमा पहुँचको लागि आर्थिक सहायता प्रदान गर्दै दैनिक आवश्यकतालाइ केहि हदसम्म परिपूर्ति गर्न सहयोग गर्ने उद्धेश्यले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धी, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन २०७४, स्थानीय सरकार संचालन सम्बन्धि ऐन २०७४ को दफा ११ (क) को (त) ले दिएको अधिकार र यसै ऐनको दफा १०२ लाई आधार बनाई हिलिहाङ गाउँपालिकाको बार्षिक कार्यकम अन्तर्गत गाउँपालिका भित्र स्थाई बसोबास गरेका मध्यम तथा सामान्य बर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई जिविकोपार्जनको साथै स्वास्थ उपचारमा पहुँच पुर्याउनको लागि आर्थिक सहायता प्रदान गरी व्यवस्थित तरिकाले संचालन गर्नको लागि वाञ्छनिय भएकोले यो कार्यविधि तयार गरी गरिएको छ।

**परिच्छेद - १**

**संक्षित नाम र प्रारम्भ:-** (१) यो कार्यविधिको नाम ‘‘मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ्य उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी-२०७८" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

(३) **परिभाषा:-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) ‘‘पालिका’’ भन्नाले हिलिहाङ गाँउपालिकालाई जनाउछ।

(ख) ‘‘स्वास्थ बिमा’’ भन्नाले नेपाल सरकारले लागु गरेको स्वास्थ बिमा कार्यक्रमलाइ जनाउनेछ।

(ग) ‘‘बचत’’ भन्नाले अपाङ्गता भएका व्यक्ति तथा परिवारले वडामा संचालित मिलिजुली समूहमा वा अन्य सहकारी संस्थाहरुमा अपाङ्गता भएको व्यक्तिको नाममा गर्ने दैनिक, मासिक, बचतलाइ जनाउँदछ।

(घ) ‘‘अपाङ्गता भएका व्यक्ति’’ भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ को दफा २ को उपदफा (ख) बमोजिमको व्यक्तिलाई बुझाउँदछ।

(ङ) ‘‘मध्यम र सामान्य अपाङ्गता’’ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ को दफा ३ को उपदफा १ संग सम्बन्धित अनुसूची "ख" को (३) र (४) को परिभाषालाई बुझाउँदछ।

(च) ‘‘आर्थिक सहायता’’ भन्नाले मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुलाई जिविकोपार्जन तथा स्वास्थ्यमा पहुँच पुर्याउनको लागि हिलिहाङ गाँउपालिकाद्वारा उपलब्ध गराइएको आर्थिक सहायतालाइ बुझाउँछ।

(छ) ‘‘बैंक’’ भन्नाले हिलिहाङ गाउँपालिकाले तोकेको (क) वर्गका बैंकहरुलाई बुझाउँछ।

**परिच्छेद - २**

**३. मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्बन्धि व्यवस्था:-**

(क) हिलिहाङ गाँउपालिकाले आफ्नो क्षेत्रभित्र स्थाई रुपमा बसोवास गर्ने मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको लागि जिविकोपार्जन तथा स्वास्थ उपचारमा सहज पहुँच बिस्तारको लागि आर्थिक सहायता वापत मासिक रुपमा मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई रु ७००/- (रु सात सय) र सामान्य अपाङगता भएका व्यक्तिहरुलाई रु ५००/- (रु पाँच सय) का दरले आर्थिक सहायता उपलब्ध गराउनेछ।

(ख) दफा ३ को (क) ले गरेको व्यवस्था अनुसार गाउँपालिकाले तोके बमोजिमको आर्थिक सहायता सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने समयमा (चौमासिक रुपमा) नै पालिकाले तोकेको बैंक मार्फत सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरुको खाता मार्फत त्यस्तो आर्थिक सहायता रकम उपलब्ध गराइनेछ।

(ग) दफा ३ को (क) र (ख) ले व्यवस्था गरे अनुसार उपलब्ध गराइएको आर्थिक सहायताले मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुले स्वास्थ्य उपचारमा पहुँच पुर्याउनको लागि अनिबार्य रुपमा स्वास्थ बिमा गराउनु पर्नेछ साथै बाँकि रकम बाट अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुली समूह वा अन्य सहकारी संस्थामा अनिबार्य बचत गर्नुपर्ने छ।

(घ) दफा ३ को (ग) अनुसार स्वास्थ बिमा नगरेको पाइएमा दफा ३ को (ख) अनुसार गरिने निकाशा रोक्का गरिनेछ।

(ङ) दफा ३ को (ग) अनुसार गरिने स्वास्थ बिमा कार्यक्रम लागु भएको बर्षको तेस्रो चौमासिक भित्र पनि स्वास्थ बिमा नगरेको पाइएमा अर्को आर्थिक बर्षमा उक्त व्यक्तिको लागि आर्थिक सहायता रकम उपलब्ध गराउन गाउँपालिका बाध्य हुने छैन।

## परिच्छेद - ३

### ४. आर्थिक सहायता निकाशा प्रक्रिया

**(क) मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुले आर्थिक सहायता लिनको लागि निम्न प्रक्रियाहरु पुरा गर्नु पर्नेछ :-**

(१) बैंकमा खाता खोलेको हुनुपर्ने :- आर्थिक सहायता लिनको लागि अपाङ्गता भएका व्यक्तिहरुले पालिकाले तोकेको बैंकमा अनिबार्य खाता खोलेको हुनु पर्ने छ।

(२) मञ्जुरीनामा हस्ताक्षर गरेको हुनुपर्ने :- आर्थिक सहायता लिन चाहने मद्यम तथा सामान्य अपाङ्गता भएका व्यक्तिहरुले अनुसूची १ बमोजिमको मञ्जुरीनामामा हस्ताक्षर गरेको हुनुपर्ने छ।

(३) मञ्जुरीनामा नविकरण गर्नुपर्ने :- अर्को आर्थिक बर्षमा आर्थिक सहायता लिनको लागि प्रत्येक आर्थिक बर्षको पहिलो दुइ महिना भित्र मञ्जुरीनामा नविकरण अनिबार्य गरेको हुनुपर्ने छ।

**(ख) मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुले आर्थिक सहायता निकाशाको प्रक्रियाको लागि पालिकाले निम्न प्रक्रियाहरु पुरा गर्नुपर्ने छ :-**

(१) खाता खोल्नको लागि सिफारिस पठाउने :- मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको लागि आर्थिक सहायता प्रदान गर्नको लागि अपाङ्गता परिचय पत्र रुजु गरी तोकिएको बैंकमा खाता खोल्नको लागि सम्बन्धित व्यक्तिलाई सिफारिस गरी पठाउने।

(२) मञ्जुरीनामा गर्ने र बार्षिक नविकरण गर्ने :- दफा ४ को (क) को (२) बमोजिम मन्जुरीनामा गर्ने र (३) बमोजिम बार्षिक नविकरण गराउने।

(३) अभिलेख पठाउने:- मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको खाता नम्बर र मञ्जुरीनामा को १ प्रति प्रतिलिपि सहित दफा ३ को (ख) बमोजिम सहायता रकम निकाशा हुने समयपूर्व नै अनुसूची-२ बमोजिमको ढाँचामा अभिलेख राखी गाउँपालिकामा पठाउनु पर्नेछ।

(४) दफा ४ को (ख) को (३) बमोजिमको अभिलेखको आधारमा दफा ३ को (ख) बमोजिम पालिकाले आर्थिक सहायता सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरुको नाममा रहेको खातामा निकाशा गर्नेछ।

## परिच्छेद - ४

### ५. आर्थिक सहायता उपलब्ध गराउन नसकिने आधारहरु :-

(क) मध्यम र सामान्य वर्गका अपाङ्गता परिचय पत्र उपलब्ध नभएका व्यक्तिहरु।

(ख) हिलिहाङ गाँउपालिका मा अस्थाई बसोबास गरेका व्यक्तिहरु।

(ग) सरकारी निकायबाट नियमित तलब वा पेन्सन पाइरहेका व्यक्तिहरु।

(घ) अन्य क्षेत्रबाट (जस्तै:- जेष्ठ नागरिक, एकल, विधवा, आदि) सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिहरु

(ङ) दफा (४) को (क) १ बमोजिम खाता नखोलिएका व्यक्तिहरु।

(च) यसै कार्यविधि अनुसारको अनुसूची १ बमोजिम मञ्जुरीनामा नलिएका वा बार्षिक नविकरण नगरिएका व्यक्तिहरु।

### ६. नविकरण हुन नसक्ने आधारहरु:-

(क) अनुसूची १ वमोजिम बार्षिक रुपमा नबिकरण नगरिएका व्यक्तिहरु

(ख) दफा ३ को (ग) वमोजिमको कार्य नगरेमा

(ग ) आर्थिक सहायता नलिनको लागि स्व-घोषणा गरेमा

**७. वारेसनामा तोकी  दर्ता वा नविकरण गर्न सकिने**

निम्न अवस्थामा आर्थिक सहायताको लागि अनुसूची- ३ बमोजिमको वारेशनामा मार्फत दर्ता वा नविकरण गर्न सकिनेछ:-

(क) दर्ता वा नविकरणको समयमा बिरामी भएर अन्यत्रै उपचारमा गएको भएमा,

(ख) आयआर्जनको लागि अन्यत्रै गएको भएमा,

(ग ) अध्ययनको लागि अन्यत्रै गएको भएमा,

(घ) असक्तताको कारण आफै उपस्थिति हुन नसक्ने भएमा,

(ङ) महामारी वा दैवि प्रकोपको कारण उपस्थिति हुन नसकेमा,

यसरी वारेसनामा तोकी नविकरण गर्दा माथि उल्लेखित अवस्था हो वा हैन कर्मचारीले बुझि अध्ययन गरी आफु सुनिश्चित भएर मात्रै गर्नुपर्ने छ तर माथि उल्लेखित गरिएको भन्दा अन्य कारण पनि उपस्थित हुन नसक्ने तर उक्त व्यक्ति  दफा (५) र (६) बमोजिम नभएको सुनिश्चित गरी वारेसनामा मार्फत नविकरण गर्न सकिनेछ।

**परिच्छेद - ५**

**८ . अनुगमन, मूल्याङ्कन र प्रतिवेदन**

(क) हिलिहाङ गाँउपालिकाले यसै कार्यविधि अनुसार कार्य भए नभएको अनुगमन मूल्याङ्कन गर्न सक्नेछ।

(ख) त्यसरी अनुगमन मूल्याङ्कन गर्दा कार्यविधि विपरित ठहरिएमा स्वयम् व्यक्तिबाट दुरुपयोग भएको रकम पालिकाले असुल उपर गर्नेछ।

**परिच्छेद - ६**

**९ . बिबिध**

(क) व्याख्या गर्ने अधिकार:- यो कार्यविधिको कुनै पनि बुँदामा अलमल भएमा व्याख्या गर्ने सम्पुर्ण अधिकार हिलिहाङ गाउँ कार्यपालिकालाई हुनेछ।

(ख) प्रचलित कानुन लागुहुने:- यो कार्यविधि अनुसार कुनै पनि दफाहरू बाझिएको खण्डमा प्रचलित कानुन बमोजिम नै लागु हुनेछ।

(ग) संसोधन हुन सक्ने:- यस कार्यविधिको कुनै पनि दफा वा उपदफाहरु संसोधन वा थपघट गर्नु पर्ने भएमा हिलिहाङ गाँउ कार्यपालिकाले जुनसुकै समयमा संसोधन गर्न सक्नेछ।

## अनुसूची-१

**(मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ्य उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी - २०७८ दफा (४) को (क) २ सँग सम्बन्धित)**

**मञ्जुरीनामा - पत्र**

आज मिति ........................गतेका दिन ..........................को नाति/नातिनी ..................................को छोरा/छोरी हिलिहाङ गाँउपालिका वडा न. .......... .....मा स्थाई रुपमा बसोबास गर्ने म ..........................................ले हिलिहाङ गाँउपालिकाले मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुलाई जिविकोपार्जन तथा स्वास्थ्य उपचारमा पहुँच पुर्याउनको लागि उपलब्ध गराउने आर्थिक सहायताको मञ्जुरी पत्रमा हस्ताक्षर गरेको छु।

**१. व्यक्तिगत विवरण**

(क) नाम:- ............................................... (ख) ठेगाना:- हिलिहाङ गाँउपालिका वडा नं ...........

(ग) जन्म मिति :-.................................. (घ) अपाङ्गता परिचय पत्र:- (१) मध्यम (२) सामान्य

(ङ) अपाङ्गता परिचय पत्र नं. ............................ (च) जारी मिति:- ..................................

**२. तपसिल बमोजिमको विवरण साँचो सत्य हो, झुटो भए यसै कार्यविधि बमोजिम सजाय भोग्न तयार छु भनि तल उल्लेखित बुँदाहरुमा (√) लगाएको छु।**

**पहिलो पटक दर्ता वा नविकरणको लागि**

(क) कार्यविधी बमोजिम म र परिवारको स्वास्थ्य बिमा गर्न र बार्षिक नविकरण गर्न मन्जुर छु। (   )

(ख) म समूह सहकारीमा नियमित बचत गरि आर्थिक बृदि गर्न मन्जुर छु। (   )

(ग) म यसै कार्यविधिको दफा ५ अनुसारको व्यक्तिमा पर्दिन। (   )

**नविकरणको लागि मात्रै**

(घ) म कार्यबिधी को दफा ६ अन्तरगतको व्यक्ति पर्दिन। (   )

**३. मन्जुरीनामा पहिलो पटक दर्ता गरिएको मिति .....................................**

**४ .मन्जुरीनामा नविकरण गरिएको मिति ................................................ (नविकरण गर्दा भर्ने)**

**माथि उल्लेखित सम्पुर्ण विवरण मैले अध्ययन गरी, बुझी यस पत्रमा हस्ताक्षर गरेको छु।**

वडा सचिवको नाम:- अपाङ्गता भएको व्यक्तिको नाम:-

हस्ताक्षर:- हस्ताक्षर:-

मिति:- मिति:-

**कार्यालयको छाप**

**अनुसूची -२**

**(मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी - २०७८ दफा (४) को (ख) ३ सँग सम्बन्धित)**

मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ्य उपचारमा पहुँचको लागि आर्थिक सहायता निकाशा माग फारम ।

| क्रस | अपाङ्गता भएका व्यक्तिको नाम | वडा न. | अपाङ्गता परिचयपत्रको प्रकार | परिचय पत्र न. | आर्थिक सहायताको लागि दर्ता/ नविकरण मिति | बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**माथि उल्लेखित व्यक्तिहरुको विवरण सहितको अनुसूची-१ र अपाङ्गता परिचय पत्रको प्रतिलिपि यसै फारमको साथ संलग्न गरिएको छ ।**

**वडा अध्यक्ष को नामः-** **वडा सचिवको नामः-**

**हस्ताक्षरः-** **हस्ताक्षरः-**

**मितिः-** **मितिः-**

**कार्यालयको छाप**

**अनुसूची- ३**

**(मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी-२०७८ दफा (७) सँग सम्बन्धित)**

**वारेस - पत्र**

श्री वडाध्यक्षज्यू, मिति:-

हिलिहाङ गाँउपालिका

वडा न. ............

**बिषय:- आर्थिक सहायताको लागि दर्ता/नविकरणको लागि वारेस पठाइएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा म हिलिहाङ गाँउपालिका वडा न. ......... बस्ने ............................ को नाति/नातिनी ..................................... को छोरा/छोरी म ......................................... हुँ । मैले मिति ............................ गते त्यहाँ हिलिहाङ गाँउपालिका बाट ................... वर्गको अपाङ्गता परिचय पत्र लिएको छु । मेरो परिचय पत्र न ............... रहेको छ । म हिलिहाङ गाँउपालिकाको ........... वडामा नै स्थाई रुपमा बसोबास गर्दै आइरहेको साँचो सत्य हो । म मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन तथा स्वास्थ्य उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी-२०७८ को दफा (५) र (६) बमोजिमको व्यक्तिमा नपर्ने स्व-घोषणा गर्न चाहन्छु ।

हाल म बिषेश कारणले (कारण उल्लेख गर्ने)............................................................त्यहाँ कार्यालयमा उपस्थित हुन नसक्ने भएको हुँदा मेरो सहोदर परिवार/नातेदार/संरक्षक ...................................... लाई म पुर्ण विश्वास गर्दछु र उहाँ मार्फत आर्थिक सहायताको लागि दर्ता/नविकरण गर्नको लागि मेरो मन्जुरी साथ वारेस दिएको साँचो सत्य हो भनि मैले जानी/नजानी झुटा विवरण दिएको प्रमाणित भएमा कानुन बमोजिम सजाय भोग्न तयार भई यो वारेस पत्र त्यहाँ कार्यालयमा पेश गरेको छु ।

निवेदकको नाम:-

ठेगाना:-

हस्ताक्षर:-

सम्पर्क न. :-

**निर्णय नं. - ३**

राष्ट्रिय यूवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार गुणस्तरीय शिक्षाको लागि सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उधमशीलता विकास गरी शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरणबाट समृद्ध नेपाल र सुखी नेपाली अभियानमा टेवा पुर्याउने उधेश्य लिई नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषद द्वारा यस गाउँपालिकालाई सशर्त अनुदान (रु ५,२५,०००/-) सहित पठाईएको "एक शैक्षिक संस्था, एक उधम कार्यक्रम" कार्यान्वयनका लागि आवश्यक देहाय बमोजिमको कार्यविधि स्विकृत गरी कार्यक्रमलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्तावना:** राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ ले निर्देशित गरे अनुसार उद्यमशीलता मार्फत् सार्वजनिक शिक्षाको सवलीकरणका लागि शैक्षिक संस्था मार्फत **"एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम"** लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले हिलिहाङ गाउँपालिकाद्वारा यो कार्यविधि बनाइएको हो ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ रहेको छ ।

२) यो कार्यविधि हिलिहाङ गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम" भन्नाले पालिका भित्रका प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागु भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालय वा माद्यमिक विद्यालयहरुमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ।

ख) "उपाध्यक्ष" भन्नाले हिलिहाङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

घ) "शैक्षिक संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु भएको शैक्षिक संस्था सम्झनु पर्दछ ।

ङ) "विद्यार्थी उद्यमी क्लव" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यम उद्यमी क्लव सम्झनु पर्दछ ।

च) "उद्यम कोष" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

छ) "उद्यम कोष संचालक समिति" भन्नाले उद्यमकोष संचालन गर्ने समितिलाई संम्झनु पर्दछ।

ज) "संरक्षक समिति" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

झ) "साझेदार संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि प्राविधिक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्था सम्झनु पर्छ ।

ञ) "पूर्व विद्यार्थी मञ्च" भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्छ ।

ट) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको व्यक्ति सम्झनु पर्छ ।

ठ) "विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले" विद्यार्थीको शैक्षिक उपलब्धी वृध्दि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

ड) "प्राविधिक तथा व्यवसायिक धार" भन्नाले विद्यालय तहमा (कक्षा ९-१२) प्राविधिक तथा व्यावसायिक शिक्षा लागु भएका विद्यालय सम्झनु पर्छ ।

ढ) "सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा भन्नाले" प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट स्वीकृति लिई सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ ।

ण) "नमूना विद्यालय भन्नाले" शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट नमूना विकासका लागि छनौट गरेका विद्यालय साथै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले छनौट गरेका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ ।

३. **उद्देश्य:**

एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रमुख उद्देश्य उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सबलीकरण गर्नु हो भने अन्य उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।
ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।
ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने ।
घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

४ **लक्षित शैक्षिक संस्था:**

देशभरिका प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागु भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालयहरु तथा सामुदायिक माद्यमिक विद्यालय लक्षित शैक्षिक संस्था हुनेछन् ।

५ **उद्यम क्षेत्र:**

शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन् ।

क) कृषि तथा पशुपंक्षिमा आधारित उद्यम व्यवसाय,
ख) बन (जडिबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय,
ग) विज्ञान तथा सूचना प्रविधि र संञ्चारमा आधारित उद्यम व्यवसाय,
घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,
ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,
च) कलामा आधारित उद्यम व्यवसाय,
छ) संस्कृति, साहित्य सृजना, गीत संगितमा आधारित भइ गरिने उद्यम व्यवसाय,
ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय ।

६ **विद्यार्थी उद्यमी क्लब:**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा दुबैतर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ ।

२) विद्यार्थी उद्यमी क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने ।

ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनको लागि सरिकारवालाहरु सँग सहकार्य, समन्वय, साझेदारी गर्ने ।

ग) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागु गर्ने ।

ङ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अध्यावधिक गर्ने ।

च) कम्तिमा वर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखिकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**७. उद्यम कोषको संचालन:**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहने छ । उक्त कोष सञ्चालन गर्नको लागि देहाय बमोजिम उद्यम कोष सञ्चालक समिति रहने छ ।

| | |
|---|---|
| क) विद्यालयको प्रधानाध्यापक | -अध्यक्ष |
| ख) उद्यमी विद्यार्थी क्लबका अध्यक्ष | -सदस्य |
| ग) विद्यालयको लेखा हेर्ने कर्मचारी . | -सदस्य |

२) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गेर्न ५० % मा नबढने गरी रकम निकासा गर्ने ।

ग) उद्यम कोषको विस्तार , संरक्षण, संवर्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नु पर्ने ।

क) शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुवाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान।

ग) उद्यमबाट प्राप्त आम्दानी।

घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम।

ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम।

च) अन्य व्यक्ति संघ संस्थाबाट अनुदान स्वरुप प्राप्त रकम।

४) उद्यम कोषबाट देहाय अनुसार खर्च गर्न सकिनेछ। उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्ध्दनमा खर्च गर्नु पर्नेछ। उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ।

**८. संरक्षक समितिको गठन :**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहाय बमोजिम एक संरक्षक समिति रहने छ:

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष - सदस्य

ग) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखिकरण गरी उद्यम कोषमा रकम जुटाउने।

ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने।

ग) विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण , क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने गराउने

घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको समग्रे अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने।

**९. शैक्षिक संस्था छनौटका आधारहरु:**

१) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ।

| क्र.सं. | छनौटका आधारहरु | बढीमा अंक |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १० |
| ३ | उद्यमी विद्यार्थी क्लबको गठन भएको | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | ५ |
| ५ | सम्बन्धित वडाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवध्दता | ५ |
| ७ | भौतिक पूर्वाधार (पानी, बिजुली, जग्गा ) | २० |
| ८ | माध्यमिक तहको विद्यार्थी संख्या (९-१२) | १० |

२) प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागु भएका नमूना सामुदायिक माध्यमिक विद्यालयलाइ विशेष प्राथमिकता दिइने छ।

**१०. सूचना प्रकाशन :**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि हिलिहाङ गाउँपालिकाको कार्यालयबाट इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिने छ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यावसायिक परियोजना प्रस्ताव पेश गर्नु पर्ने छ।

३) शैक्षिक संस्था छनौट समिति: हिलिहाङ गाउँ पालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मूल्याङ्कन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी कम्तिमा ३ सदस्यीय समिति मार्फत शैक्षिक संस्था छनौट गर्नु पर्ने छ।

४) शैक्षिक संस्था छनौट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्ने छ।

५) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६) शैक्षिक संस्था छनौट  समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकतानुसार विद्यालयहरुको स्थलगत अनुगमन समेत गर्न सक्ने छ।

**११. उद्यम संझौता:**

१) शैक्षिक संस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र पालिका विच तोकिए बमोजिमको ढाँचामा दुइ पक्षिय संझौता गरिने छ।

**१२. प्रतिवेदन:**

१) शैक्षिक संस्थाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको संझौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्ने छ। त्यसपछी चौमासिक रुपमा वित्तिय र भौतिक प्रगति पठाउनु पर्ने छ।

**१३. लेखा परीक्षण:**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राख्नु पर्ने छ।

२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण शैक्षिक संस्थाले सूचिकृत गरेका दर्तावाला लेखापरीक्षक मध्येबाट  गराउनु पर्ने छ।

३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखापरीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्बन्धित  शैक्षिक संस्थाको हुनेछ।

**१४. अनुगमन तथा मूल्याङ्कन:**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत गरिनेछ। यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राख्नु पर्ने छ।

२) आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रीय निकाय तथा सरोकारवाला पक्षवाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरु लिन सक्ने छ।

**१५. पुरस्कार:**

१) गाउँपालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हासिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था,

ख) स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग,

ग) निर्यातमा वृध्दि र आयात प्रतिस्थापनममा टेवा पुर्याएको,

घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,

ङ) उद्यम मार्फत नव प्रवर्ध्दन तथा उद्यमशीलता विकास,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेका सकारात्मक प्रभाव,

छ) उद्यम कोषमा भएको वृध्दिको अवस्था,

ज) कार्ययोजना अनुसार कार्य सम्पादन।

**१६. दण्ड सजाय:**

१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शैक्षिका संस्थाले प्रस्ताव गरिए बमोजिमको संझौतागर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई पालिकाबाट सञ्चालन गरिने अन्य कार्यक्रममा सहभागी गराइने छैन।

२) शैक्षिक संस्था सँग सम्झौता भइसकेपछि संझौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिएको बजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थाबाट क्षतिपुर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

**१७. विविध:** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित  सबैको कर्तव्य हुनेछ।

**१८. निर्देशनको पालना:** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्ने छ।

**१९. कार्यढाँचा संशोधन गर्न सक्ने:** आवश्यकता अनुसार गाउँकार्यपालिका बाट कार्यढाचाँ संशोधन गर्न सकिने छ।

**२०. वाधा अड्काउ फुकाउने:** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँ कार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

## अनुसूची १
## (दफा ११ को उपदफा २ सँग सम्बन्धिदत)
## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुको लागि निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,

हिलिहाङ गाउँपालिका,

पञ्चमी पाँचथर ।

महोदय,

त्यस पालिकाबाट मिति ..............................मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा " एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम " सञ्चालन गर्ने इच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु सम्लग्न गरी यो प्रमाण पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगाना:
२. प्राविधिक तथा व्यावसायिक धार/ शिक्षा भए विषय र नमूना विकासको लागि छनौट भएको मिति:
३. प्रधानाध्यापकको नाम र सम्पर्क नं:
४. उद्यमी विद्यार्थी क्लबका अध्यक्षको नाम र सम्पर्क नं:
५. उद्यम गर्न चाहेको व्यावसायिक क्षेत्र:
६. कक्षागत विद्यार्थी विवरण (कक्षा ९-१२):
७. जग्गा सम्बन्धी विवरण:
    - क. विद्यालयको नाममा रहेको:
    - ख. विद्यालयको हकभोग प्राप्त:
    - ग. वर्तमान उपभोगको अवस्था:
    - घ. भौतिक पूर्वाधार सम्बन्धी विवरण:
        - १. कक्षाकोठा संख्या:
        - २. कक्षाकोठा उपभोगको अवस्था:
        - ३. प्रयोगशालाको अवस्था:
        - ४. पानी विजुलीको उपलब्धता:
    - ङ. उपलब्ध अन्य साधन श्रोतको विवरण:
    - च. उद्यम कोष सम्बन्धी विवरण:
        - १. कोष रहेको बैंकको नाम:
        - २. कोष सञ्चालकहरुको नाम:
        - ३. खाता नं:

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| उद्यमी विद्यार्थी क्लबको अध्यक्षको नाम: | प्रधानाध्यापकको नाम: |
| मिति: | मिति: |

नोट: व्यावसायिक परियोजना प्रस्ताव अलग्गै पेश गर्नु पर्ने छ ।

## अनुसूची २

(दफा ११ को उपदफा २ सँग सम्बन्धित)

### व्यावसायिक परियोजना प्रस्तावको नमूना

१ उद्यमको नाम, संक्षिप्त परिचय उद्देश्य:

क. विद्यार्थी उद्यमी क्लबको नाम:

ख. उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम, पृष्ठभुमी)

ग. उद्यमको उद्देश्य:

घ. उद्यमको क्षेत्र:

ङ. उद्यमबाट उत्पादन हुने बस्तुको नाम:

२ उद्यम संचालन हुने स्थान:

क. प्रदेश:

ख. जिल्ला:

ग. गाउँपालिका / न.पा.:

घ. वडा नं.:

ङ. टोल:

३ उद्यममा संलग्न हुने अनुमानित जनशक्ति:

क. छात्रा:

ख. छात्र:

ग. जनशक्तिको प्राप्ति:....................(स्थानीय स्तर वा वाह्य)

४ प्रयोग हुने कच्चा पदार्थ:

क. कच्चा पदार्थको नाम:

ख. श्रोत ( स्थानीय वा बाह्य):

५ प्रयोग हुने मेसिनरी औजारको विवरण:

क. नाम:

ख. अनुमानित लागत:

ग. श्रोत: ......................(स्थानीय वा बाह्य)

६ उद्यमका लागि अनुमानित लागतः

क. कुल रु:

ख. चल पुँजी रु:

ग. अचल पुँजी रु:

घ. अचल पुँजीको नाम:

ङ. आफ्नो लगानी:

च. बाह्य लगानी:

७ उत्पादित बस्तुको बजार क्षेत्र

क. बजारको नाम:

(स्थानीय/ जिल्ला/प्रदेश/राष्ट्रिय)

ख. दुरी:

ग. ढुवानी खर्च:

घ. लक्षित ग्राहकहरु:

ङ. प्रतिस्पर्धाको अवस्था:

च. बजार विकासको संभावना:

८ व्यवसायबाट हुने अनुमानित आम्दानी:
 क. जम्मा वार्षिक अनुमानित आम्दानी रु:
 ख. जम्मा अनुमानित वार्षिक खर्च:
 ग. वार्षिक अनुमानित नाफा:

९ रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या ( विद्यार्थी उद्यमी क्लव बाहेक)
 क. छात्र:
 ख. छात्रा:
 ग. अन्य:
 घ. जम्मा:

१० उद्यम संचालन गर्न आवश्यक प्राविधिक जनशक्तिको उपलव्धता:
 क. उपलव्ध रहेको:
 ख. उपलब्ध नरहेको:

११ अन्य प्रविधिको प्रयोग:

१२ उद्यमको कार्यान्वयनको योजना (५ वर्षको)

**निर्णय नं. - ४**

आ व २०७८/७९ को नियमित हिउँदे अधिवेशन (एघारौ गाउँसभा) आगामी २०७८ पौष १६ गते आव्हान भईसकेकोले उक्त हिउँदे अधिवेशन मार्फत अघिल्लो बजेट अधिवेशनबाट स्विकृत तपशिलका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको परिवर्तित अवस्था, प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरी निम्नानुसारको संशोधित योजना तथा कार्यक्रमहरु सभामा पेश गर्ने निर्णय गरियो ।

**रकमान्तर हुने आयोजनाहरुको विवरण**

| सि नं. | रकमान्तर हुने पूर्व स्वीकृत आयोजनाहरु | स्विकृत बिनियोजित बजेट | आयोजना सन्चालन हुने स्थान | ठेक्का सम्झौता रकम | रकमान्तर हुने बाँकी बजेट |
|---|---|---|---|---|---|
| १ | सल्लेरी सुभाङ पञ्चमी कालोपत्रे सडक (साझेदारी आयोजना) | ३०००००० | गा पा | ० | ३००००००० |
| २ | समपुरक बजेट - सघिय समपुरक अन्तर्गत वडा न १ को भवन निर्माण | ८८००००० | वडा न १ | ५३१४१८८ | ३४८५८१३ |
| ३ | समपुरक बजेट - सघिय समपुरक अन्तर्गत वडा न ५ को भवन निर्माण | ८४००००० | वडा न ५ | ५०८४८८५ | ३३१५११६ |
| ४ | खुम्पाङगैरी सुर्योदय आ वि हुँदै देवल जाने मोटरबाटो ट्रयाक ओपन | २००००० | वडा न ७ | ९५८४२ | १०४१५८ |
| ५ | खानीगाँउ देखि माथिल्लो माझीगाँउ मोटरबाटो ट्रयाक ओपन | २००००० | वडा न ७ | ९५८४२ | १०४१५८ |
| ६ | फुलुवा थापागाँउ चिउरीबोटे मो बा ट्रयाक ओपन | ३००००० | वडा न ७ | १४३७६३ | १५६२३७ |
| ७ | सल्लेरी अमलेडाडा देखि वडा कार्यालय जाने बाटो ट्रयाक ओपन | २००००० | वडा न ७ | ९५८४२ | १०४१५८ |
| ८ | सल्लेरी आलेटार चुक्फारा मलेनी मोटरबाटो ट्रयाक ओपन | ४५०००० | वडा न ७ | २१५६४५ | २३४३५६ |
| ९ | सल्लेरी चौतारा डाडागाँउ मोटरबाटो ट्रयाक ओपन | २००००० | वडा न ७ | ९५८४२ | १०४१५८ |
| १० | आहाले पाखागाँउ खाम्बु गडतिर मार्ग मोटरबाटो ट्रयाक ओपन | २००००० | वडा न ७ | १७३५६७ | २६४३३ |
| ११ | एकचेप्पा कोलबोटे मोटरबाटो ट्रयाक ओपन | २००००० | वडा न ७ | १७३५६७ | २६४३३ |
| १२ | तम्फुवा बिचगाउँ गडतिरमार्ग मोटरबाटो ट्रयाक ओपन | ५००००० | वडा न ७ | ४३३९१९ | ६६०८२ |
| १३ | एकचेप्पा टंक खनालको घर हुँदै तमोर करिडोर जाने बाटो ट्रयाक ओपन तथा स्तरवृद्धि | १५००००० | वडा न ७ | ६५२५४४ | ८४७४५६ |
| १४ | भीमसेन मन्दिर निर्माण सल्लेरी | ८००००० | वडा न ७ | ७१४८३३ | ८५१६७ |
| १५ | वडा कार्यालय फन्डेशन निर्माण | १५००००० | वडा न ७ | १२७४१९३ | २२५८०७ |
| १६ | ४ वडा जलभण्डार पोखरी निर्माण | ४००००० | वडा न ७ | ३७६१८५ | २३८१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | अविरे रेग्मी गाँउ मोटरबाटो ट्र्याक ओपन | २००००० | वडा न ६ | १००३३९ | ९९६६१ |
| १८ | डोफ्किले निगाले मो बा स्तरोन्नति | ३००००० | वडा न ६ | १५०५०९ | १४९४९१ |
| १९ | डोफ्किले साउरेनी मोटरबाटो ट्र्याक ओपन (वडा नं ५ सँग साझेदारी) | १००००० | वडा न ६ | ५०१७० | ४९८३० |
| २० | पिङडाडा सालघारी मोटरबाटो ट्र्याक ओपन | २००००० | वडा न ६ | १००३३९ | ९९६६१ |
| २१ | पिपलबोटे डुम्रे गाउँ ट्र्याक ओपन तथा स्तरोन्नति | ३००००० | वडा न ६ | १५०५०९ | १४९४९१ |
| २२ | रिठाबारी सेगा गाउँ रातबरे कैजले ट्र्याक ओपन | ३००००० | वडा न ६ | १५०५०९ | १४९४९१ |
| २३ | तुङनुपा हेवा खोला ट्र्याक ओपन | ५००००० | वडा न ६ | २५०८४८ | २४९१५२ |
| २४ | गुरासे चर्च मर्मत तथा सुधार | २००००० | वडा न ६ | ० | २००००० |
| २५ | केराबारी सुर्के हुँदै साम्रे जाने मोटरबाटो स्तरोन्नति | २००००० | वडा नं ३ | ० | २००००० |
| | **जम्मा** | | | | **४०२५६१२३** |

## संशोधित नयाँ योजना तथा कार्यक्रमहरु

| सि न | रकमान्तर गरी संशोधित नयाँ योजना तथा कार्यक्रमहरु | आयोजना कार्यान्वयन स्थान | रकमान्तर गरि स्विकृत विनियोजन रु |
|---|---|---|---|
| १ | एकिकृत फुटकर पाइप खरिद | गा पा | १०००००० |
| २ | हिलिहाङ जनता आवास कार्यक्रम | गा पा | १६००००० |
| ३ | प्लाष्टिक पोखरी खरिद | गा पा | ६००००० |
| ४ | अस्पताल एक्सरे जडान तथा फर्निचर ब्यवस्थापन | गा पा | ३००००० |
| ५ | पुष्पलाल मदनभण्डारी स्मृति परिषद बहुउदेश्य सामुदायिक भवन अनुदान सहयोग | गा पा | ५००००० |
| ६ | हिलिहाङ संग्रहालय ब्यवस्थापन | गा पा | १०००००० |
| ७ | तमोर लिफ्टीङ खानेपानी मादेबुङ सल्लेरी सामुदायिक बन धनमाने ब्लक अग्नि रेखा निर्माण | वडा न २ | १०००००० |
| ८ | एकिकृत शैक्षिक ब्यवस्थापन सुचना प्रणाली तालिम (IEMIS Training) | गा पा | २००००० |
| ९ | गोदावारी महिला कृषक समूह भवन प्लाष्टर तथा शौचालय निर्माण वडा न ७ | वडा न ७ | २००००० |
| १० | संग्रहालय अध्ययन/अवलोकन भ्रमण | गा पा | २००००० |
| ११ | गोपेटार कभर्डहल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन परामर्श सेवा खर्च | गा पा | २००००० |
| १२ | पूर्वाधार विकास कार्यालय सँगको माझिटार फालोट समपुरक दायित्व | गा पा | ९९२६७२.६ |
| १३ | सडक बोर्ड आव २०७७/७८ योजनाको गा पा लागत सहभागिता | गा पा | ६००००० |
| १४ | गतको प्रदेश लागत साझेदारी फिर्ता | गा पा | ११०१५६३ |
| १५ | मुख्यमन्त्री ग्रामिण सडक सुधार आयोजना सञ्चालन लागत सहभागिता | गा पा | १०००००० |
| १६ | तीनपाने चिहानडाडा स्थित हेलिप्याड निर्माण | गा पा | ८००००० |
| १७ | हिलिहाङ दरबार स्थित शक्तिपीठ मा घण्टी व्यवस्थापन | गा पा | २००००० |
| १८ | अमरपुर मा वि नयाँ भवन ढलाइ प्लाष्टर तथा झ्याल ढोका निर्माण | वडा न १ | ७००००० |
| १९ | अमरज्योति आ वि ग्याविन वाल निर्माण | वडा न १ | ५६५००० |
| २० | ढाँडगाउँ सामुदायिक भवन निर्माण | वडा न १ | १०००००० |
| २१ | मानेडाँडा धुसेनी मटरबाटो ग्याविन वाल निर्माण | वडा न १ | ४००००० |
| २२ | बङगुर खोर निर्माण १० ओटा निर्माण | वडा न १ | १००००० |
| २३ | बाख्राखोर निर्माण २० ओटा | वडा न १ | ३००००० |
| २४ | साभिक २ न खोप केन्द ठेस वाल तथा ब्यावस्थापन | वडा न १ | २००००० |
| २५ | वडा स्तरीय खेलकुद | वडा न १ | १००००० |
| २६ | पशु गोठ सुधार योजना | वडा न २ | ४५०००० |
| २७ | सिहपुर स्वास्थ्यचौकी मातहतका खोपकेन्द्र ब्यवस्थापन | वडा न २ | २००००० |

| | | | |
|---|---|---|---|
| २८ | २ न वडा भित्रका मोटरबाटो सरसफाइ तथा मर्मत सम्भार | वडा न २ | २००००० |
| २९ | कावेलि यूवा क्लव खेलकुदा आयोजना तथा ब्यवस्थापन | वडा न २ | २००००० |
| ३० | दाङबोचिउर साङछोलिङ गुम्बा ब्यवस्थापन | वडा न २ | ३००००० |
| ३१ | खरेलडाँडा खरेलगाउँ कावेली करिडर मो बा स्तरोन्नती | वडा न २ | ६५०००० |
| ३२ | महेन्द्रचौक धुसेनी कावेलि करिडर मो वा ट्र्याक ओपन तथा स्तरोन्नती | वडा न २ | ६५०००० |
| ३३ | कुवापानी बरडाँडा ठाडागाउँ मो बा ट्र्याक ओपन | वडा न २ | ६५०००० |
| ३४ | सिहपुर मा वि हेम्ब्यागाउँ मो बा स्तरोन्नती | वडा न २ | ३००००० |
| ३५ | धुसेनी योन्जन टोल मो बा | वडा न २ | २००००० |
| ३६ | सामुदायिक भवन रङरोकन तथा वाइरिङ | वडा न २ | २००००० |
| ३७ | सिरिजङ मा वि गोपेटार भवन रोम पार्टेशन तथा रङरोकन | वडा न ३ | ४०००००० |
| ३८ | लहरे माने सम्रक्षण मर्मत सम्भार | वडा न ३ | १००००० |
| ३९ | काभ्रे डाँडे मो वा स्तरोन्नती | वडा न ३ | २००००० |
| ४० | सामुदायिक भवन साम्रे रङरोगन बिधुतिकरण तथा पर्खाल निर्माण | वडा न ३ | २००००० |
| ४१ | शेर्पा भवन जाने सिँढी निर्माण | वडा नं ३ | २००००० |
| ४२ | किरात राइ यायोख्या भवन मर्मत सम्भार | वडा न ३ | २००००० |
| ४३ | मझैटार आ वि भवन निर्माण | वडा न ४ | १०००००० |
| ४४ | सिध्द मा वि शिलालेख भवन छत ढलाइ तथा भुइ प्लाष्टर | वडा न ४ | १०००००० |
| ४५ | मध्य पहाडी सयपत्री बा वि के जोड्ने सिडि निर्माण | वडा न ४ | ५५०००० |
| ४६ | प्रहरी चौकी पन्चमी ब्यवस्थापन | वडा न ४ | २००००० |
| ४७ | डुँडेखोला सिलिङगे सिचाइ पाइप खरिद | वडा न ४ | २००००० |
| ४८ | तिनखोले दोभान बच्छेबुङ सिचाइ पाइप खरिद | वडा न ४ | ४००००० |
| ४९ | सुम्लेबुङ खेलमैदान स्तरबृदि | वडा न ५ | ४००००० |
| ५० | भाग्योदय आ वि विध्यालय भवन निर्माण | वडा न ५ | ८००००० |
| ५१ | वालिटा खेलमैदान स्तरवृदि | वडा न ५ | २००००० |
| ५२ | ओखरबोटे मसारगाउँ खानेपानी रिजर्व टेकी निर्माण | वडा न ५ | २००००० |
| ५३ | सामुदायि भवन चियानडाँडा पार्टेशन तथा शौचालय निर्माण | वडा न ५ | १०००००० |
| ५४ | बगैचा आ वि मर्मत सम्भार | वडा न ५ | १५०००० |
| ५५ | मखुवा जेभाले सिचाइ आयोजना | वडा न ५ | २००००० |
| ५६ | जामुने आ वि मर्मत सम्भार | वडा न ५ | १५०००० |
| ५७ | ढाडेकुटी शौचालय निर्माण | वडा न ५ | १५०००० |
| ५८ | वडा भरीका निर्मित मोटरबाटो सरसफाइ | वडा न ५ | २००००० |
| ५९ | ओराङफुङ मा वि भुइतला प्लाष्टर | वडा न ५ | २००००० |
| ६० | वडास्तरीय खेलकुद | वडा न ५ | २००००० |
| ६१ | जोरपोखरी खेलमैदान स्तरोन्नती | वडा न ६ | ८००००० |
| ६२ | मौलोडाडा आ वि भवन मर्मत | वडा न ६ | ३००००० |
| ६३ | सामुदायिक भवन सिम्ले भवन निर्माण | वडा न ६ | २५०००० |
| ६४ | सामुदायिक भवन मालबासे भवन निर्माण | वडा न ६ | ३००००० |
| ६५ | ढाका बुनाइ मालबासे डोप्कीले | वडा न ६ | २५०००० |
| ६६ | पिपलडाँडा डुम्रे ट्र्याक ओपन | वडा न ६ | २००००० |
| ६७ | नेवारगाउँ सिम्ले ठाडे हेवाखोला पहिरो सरसफाइ | वडा न ६ | ३००००० |
| ६८ | डोप्किले पाथिभरा सिडि निर्माण | वडा न ६ | ५००००० |
| ६९ | गुँरासे माङहिम निर्माण | वडा न ६ | ३००००० |
| ७० | बाख्राको खोर निर्माण अनुदान | वडा न ६ | ३५०००० |
| ७१ | रातमाटे भलिवल खेलमैदान निर्माण तथा जोरपोखरी माङहीम मर्मत सम्भार | वडा न ६ | २००००० |
| ७२ | लालिगुरास आ वि फर्निचर कम्पूटर कक्ष विधुत जडान | वडा न ६ | १००००० |

| | | | |
|---|---|---|---|
| ७३ | गुरासे चर्च शौचालय निर्माण | वडा न ७ | २००००० |
| ७४ | मझौले गोलाई मालि खोल्सा ग्याविन वाल निर्माण तथा स्तरउन्नति | वडा न ७ | २००००० |
| ७५ | आहाले पाखा गाउँ खाम्खु मो.वा. स्तरउन्नति | वडा न ७ | २००००० |
| ७६ | तम्फुवा तमोर करिडोर मो.वा. ट्याक ओपन | वडा न ७ | ४००००० |
| ७७ | गोलेडाडा आइतबारे मो.वा. ग्याविन वाल निर्माण तथा स्तरउन्नति | वडा न ७ | २००००० |
| ७८ | समेवा वा.वि.के. भवन तथा शौचालय निर्माण | वडा न ७ | २५०००० |
| ७९ | थापाडाडा टारी मो.वा. ट्याक ओपन | वडा न ७ | २००००० |
| ८० | काम्वाङ गाउँ पाथिभरा मन्दिर मो.वा. ट्याक ओपन | वडा न ७ | २००००० |
| ८१ | जय भवानी मा.वि. भवनको जस्तापाता प्लाष्टर झ्याल ढोका तथा अन्य व्यवस्थापन | वडा न ७ | ५००००० |
| ८२ | सुसुलुङ आ.वि. भवनको पहिरो सरसफाई तथा ग्याविन वाल निर्माण | वडा न ७ | २००००० |
| ८३ | पाखागाउँ एकचेपा मो.वा. ट्याक ओपन | वडा न ७ | ३००००० |
| ८४ | समेवा खैरेनि मो.वा. ट्याक ओपन | वडा न ७ | ३००००० |
| ८५ | आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन | वडा न ७ | १५०००० |
| ८६ | चौतारा जल भण्डार निर्माण | वडा न ७ | १००००० |
| ८७ | टारी खोप केन्द्रको शौचालय निर्माण तथा भौतिक सामाग्री खरिद | वडा न ७ | १५०००० |
| ८८ | ७ नं. वडाको निर्मित मोटर वाटो सरसफाई | वडा न ७ | २९६८८७ |
| ८९ | सिम्ले तम्फुवा डाँडागाउँ मो.वा. ट्याक ओपन | वडा न ७ | ३००००० |
| ९० | सिद्देश्वरी मा वि एकचेपा - च्यानडाडासम्म मो बा स्तरोन्नती | वडा न ७ | ५००००० |
| | **जम्मा रु** | | **४०२५६१२३** |